क.द.नं. ११०८१४/०६९/०७०

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

# RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)

## छैटौं वार्षिक प्रतिवेदन २०७५/७६

## 6th Annual Report 2075/76

# संचालक समिति



राजेन्द्र प्रसाद दाहाल
अध्यक्ष



चन्द्रराज शर्मा
सञ्चालक



विष्णु प्रसाद पौड्याल
सञ्चालक



हरि प्रसाद भट्टराई
सञ्चालक



राजेन्द्र पन्त
सञ्चालक



अमर डंगोल महर्जन
सञ्चालक



डा. रमा बस्याल
स्वतन्त्र सञ्चालक



दामोदर जोशी
कम्पनी सचिव

क.द.नं. ११०८१४/०६९/०७०

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

# RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)

# छैटौं वार्षिक प्रतिवेदन २०७५/७६

केन्द्रीय कार्यालय :

बुटवल-१०, कालिकानगर, रुपन्देही
फोन :०७१-४३८५१३, ४१९०१३ फ्याक्स :४१९०१४
E-mail : info@rsdcmf.com
www.rsdcmf.com

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को
# छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

## आदरणीय शेयरधनी महानुभावहरू,

यस वित्तीय संस्थाको मिति २०७६ कात्तिक १६ मा बसेको सञ्चालक समितिको ९०औं बैठकको निर्णय अनुसार वित्तीय संस्थाको छैटौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै शेयरधनी महानुभावहरूलाई उक्त साधारण सभामा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सभा हुने मिति, समय र स्थान:

मिति : २०७६ साल मंसीर १३ गते शुक्रबार

समय : बिहानको ९:०० बजेदेखि ।

स्थान : एशियन होटल, कालिकानगर, बुटवल, रूपन्देही ।

## छलफलका विषय :

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०७५/७६ माथि छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७५/७६ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा विभिन्न अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३. आर्थिक वर्ष २०७६/७७ का लागि लेखा परीक्षक नियुक्त गर्ने (वर्तमान लेखा परीक्षक भट्ट एण्ड कम्पनीका लेखा परीक्षक सि.ए. यज्ञराज भट्ट पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) र निजको पारिश्रमिक तोक्ने ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजी रु.६३,३५,१२,०००/- (रुपैया त्रिसट्ठी करोड, पैंतीस लाख, बाह्र हजार) को १० प्रतिशतले हुन आउने रकम रु.६,३३,५१,२००/- (रुपैया छ करोड, तेत्तीस लाख, एकाउन्न हजार दुई सय मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ समेत) पारित गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरेको चुक्ता पूँजी रु.६३,३५,१२,०००/- (रुपैया त्रिसट्ठी करोड, पैंतीस लाख, बाह्र हजार) को ६ प्रतिशतले हुने रु. ३,८०,१०,७२०/- (रुपैयाँ तीन करोड, असी लाख, दश हजार, सात सय बीस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. वित्तीय संस्थाको हालको जारी पूँजी र चुक्ता पूँजी रु.६३,३५,१२,०००/- (रुपैयाँ त्रिसट्ठी करोड, पैंतीस लाख, बाह्र हजार) बाट वृद्धि गरी रु.६७,१५,२२,७२०/- (रुपैयाँ सतसट्ठी करोड, पन्ध्र लाख, बाइस हजार, सात सय बीस) पुऱ्याउने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्था र नियमावलीको दफा ३२ मा आवश्यक संशोधन/परिमार्जन गर्ने ।

४. प्रस्तावित संशोधनहरू गर्नको लागि नियामक निकायको समेत निर्देशन/स्वीकृति पश्चात् प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

५. वित्तीय संस्था अन्य समान प्रकृतिका वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्तिको संभावनाको अध्ययन गरी आवश्यकता बमोजिम प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी अन्य जानकारी:

१. वित्तीय संस्थाको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७६/०७/२९ गतेदेखि २०७६/०८/१३ गतेसम्म शेयर दाखिला खारेज बन्द रहनेछ। मिति २०७६/०७/२८ गतेसम्ममा शेयर खरीद/बिक्री गरी प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल मार्केट्स लि. मा प्राप्त विवरणहरूको आधारमा कायम शेयरधनीहरूले मात्र यस वार्षिक साधारण सभामा भाग लिन पाउने छन्।

२. साधारण सभामा भाग लिनका लागि सूचना साथ प्रेषितः प्रवेशपत्र वा शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको प्रमाणपत्र तथा आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रूपमा साथमा लिई आउनुहुन सबै शेयरधनी महानुभावहरूलाई सूचित गरिन्छ। अन्यथा सभाकक्षमा प्रवेश गर्न दिइने छैन।

३. कुनै कारणवश शेयरधनी महानुभावहरूले प्रवेशपत्र प्राप्त गर्न नसकेमा यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, बुटवलमा साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रवेशपत्र प्राप्त गर्न सक्नुहुनेछ।

४. शेयरधनी दर्ता पुस्तिका अनुसार कायम शेयरधनी महानुभावहरूको ठेगानामा वार्षिक साधारण सभाको सूचनासहितको वार्षिक प्रतिवेदन पठाइनेछ। कारणवश उक्त सूचना वा प्रतिवेदन प्राप्त नभएमा यस वित्तीय संस्थाले आफ्नो वेबसाइट वा अन्य सञ्चारमाध्यममा प्रकाशित गरेको सूचनालाई आधार मानी साधारण सभामा भाग लिन सक्नुहुनेछ।

५. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले यस वित्तीय संस्थाको सोही समूहका शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ। यसरी प्रतिनिधि नियुक्त गरेको जानकारी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा ४८ घण्टा अगावै दिई सक्नुपर्नेछ।

६. एक जना शेयरधनीबाट एकभन्दा बढी प्रतिनिधि नियुक्त गर्न सकिने छैन। तर एक जना भन्दा बढी प्रतिनिधि नियुक्त भएको देखिएमा सबैभन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) लाई मान्यता दिइनेछ।

७. शेयरधनीले प्रतिनिधि नियुक्त गरिसकेपछि प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) बदर नगरी आफैं साधारण सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नुभएमा प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।

८. वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा उल्लेख भएको व्यक्ति मात्र नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ।

९. संयुक्त रूपमा शेयर लिने शेयरधनीहरूको हकमा शेयरधनीहरूको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिले प्रतिनिधि नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउने छन्।

१०. संगठित संस्था शेयरधनी भएमा उक्त संस्थाद्वारा मनोनीत व्यक्तिले ल्याउने गरी प्रतिनिधि पत्र (प्रोक्सी) फारममा संस्थाको छाप तथा आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ।

११. साधारण सभाको दिन सभा शुरू हुनुभन्दा अगावै उपस्थित भई दिनुहुन शेयरधनी महानुभावलाई अनुरोध गरिन्छ।

१२. शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन बिहानको ९.०० बजेदेखि साधारण सभा समापन नहुञ्जेलसम्म खुला रहनेछ।

१३. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा छलफल गर्न विषयबारे सभा हुनुभन्दा एकहप्ता अगावै कार्यालय समयभित्र अध्यक्षज्यूलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनुपर्नेछ। उक्त विषयको औचित्य हेरी छलफलमा समावेश गरिए तापनि पारित हुने प्रस्तावको रूपमा भने समावेश गरिने छैन।

१४. अन्य आवश्यक जानकारीका लागि यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

## आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. बुटवल, रुपन्देहीको
## छैटौं वार्षिक साधारण सभामा उपस्थितिको लागि

### प्रवेश पत्र

१. शेयरधनीको नाम : .................................................................................
२. ठेगाना : ..............................................................................................
३. शेयर धनी नं./हितग्राही खाता नं. ............. ................................................
४. लिएको शेयर संख्या : ................................................................................
५. शेयरधनीको दस्तखत : ...........................................................................

कम्पनी सचिव

(कृपया यो प्रवेश शेयरधनी आफैंले भर्नुहोला )

---

## आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
## प्रतिनिधि (प्रोक्सी) पत्र

**श्री सञ्चालक समिति**
**आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.**
**बुटवल-१०, रूपन्देही**

### विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

उपरोक्त सम्बन्धमा ....................................... बस्ने म/हामी ......................... ....................... ले आरएसडिसी लघुवित्त वित्तीय संस्थाको मिति २०७६ मंसीर १३ गते शुक्रबारका दिन एशियन होटल, बुटवलमा हुने छैटौं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णय र मतदान प्रक्रियामा सहभागी हुन असमर्थ भएकोले उक्त सभामा भाग लिन तथा छलफल, निर्णय र मतदान गर्नको लागि ............................. बस्ने त्यस कम्पनीका शेयरधनी श्री ........................... ................... लाई मेरो/हाम्रो प्रतिनिधि तोकी पठाएका छौं ।

| प्रोक्सी लिनेले भर्ने | प्रोक्सी दिनेले भर्ने |
|---|---|
| **प्रोक्सी लिनेको सही :**<br>**नाम :**<br>**ठेगाना :**<br>**शेयर धनी नं./हितग्राही खाता नं. :**<br><br>**शेयर संख्या :**<br>**मिति :** | **प्रोक्सी दिनेको सही :**<br>**नाम :**<br>**ठेगाना :**<br>**शेयर धनी नं./हितग्राही खाता नं. :**<br><br>**शेयर संख्या :**<br>**मिति :** |

**द्रष्टव्य : यो निवेदन साधारण सभा शुरू हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पेश गरिसक्नुपर्नेछ ।**

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. को छैटौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री राजेन्द्रप्रसाद दाहालद्वारा प्रस्तुत आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस आरएसडिसी लघुवित्त वित्तीय संस्था लि., बुटवल, रूपन्देहीको छैटौं वार्षिक साधारण सभामा सहभागी हुन आउनुभएका सम्पूर्ण शेयरधनी तथा शेयरधनीका प्रतिनिधि महानुभावहरूलाई वित्तीय संस्थाको सञ्चालक समिति तथा आफ्नो तर्फबाट समेत हार्दिक स्वागत गर्दछु । यस वित्तीय संस्थाले आफ्नो स्थापनाको ६ वर्षको अवधि सफलतापूर्वक पूरा गरेको सन्दर्भमा गत आर्थिक वर्ष २०७५/७६ मा वित्तीय संस्थाले हासिल गरेका उपलब्धिहरूलाई समाहित गरेको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित छु । यस प्रतिवेदनउपर र वित्तीय संस्थाका समग्र गतिविधिमा यहाँहरूका अमूल्य सल्लाह र सुझावको अपेक्षा राख्दै आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण स्वीकृतिको लागि प्रस्तुत गर्दछु ।

प्रतिवेदनका विषयवस्तुमा प्रवेश गर्नुभन्दा अगाडि यस सम्मानित सभामा म वित्तीय संस्था स्थापना गर्ने वेलाको पृष्ठभूमि स्मरण गर्न चाहन्छु । ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुऱ्याउन सरकारले ग्रामीण स्वावलम्बन कोष लगायत विभिन्न ग्रामीण बैंकहरू आफ्नै पहलमा स्थापना गरेको थियो भने निजी क्षेत्रबाट समेत केही संख्याका लघुवित्त बैंकहरू खुलेका भए पनि त्यो यथेष्ट हुन सकिरहेको थिएन । हामीले आजभन्दा करीब १० वर्ष अगाडि यस वित्तीय संस्थाको अवधारणा तयार गर्ने समयमा एकातर्फ ग्रामीण क्षेत्रमा वित्तीय पहुँचको अवस्था दयनीय रहेको थियो भने अर्कोतर्फ नेपाल राष्ट्र बैंकबाट तोकिएको प्राथमिकता क्षेत्र– बैंकहरूबाट लगानी गर्नुपर्ने 'विपन्न वर्ग कर्जा' को उपयोग हुन सकिरहेको थिएन । ग्रामीण स्वावलम्बन विकास केन्द्रले ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप अभिवृद्धि गर्न अनौपचारिक कर्जा प्रवाह (साहु महाजनबाट महँगोमा हुने कर्जा प्रवाह) को अवस्थालाई विस्थापित गर्दै संस्थागत लगानीलाई प्रवर्द्धन गर्नुपर्छ भन्ने अभिप्रायले यो वित्तीय संस्था स्थापनाको पहल गरेको म स्मरण गर्न चाहन्छु । विपन्न वर्गमा लघुवित्त कारोबार सञ्चालन गर्नका लागि समुदायस्तरमा खुलेका सहकारी संस्थाहरू नै उपयुक्त हुन्छन् र यसबाट वित्तीय कारोबारमा स्वामित्वको वितरण तल्लो तहसम्म गर्न सकिन्छ भन्ने ग्रामीण स्वावलम्बन विकास केन्द्रको मान्यतामा तत्कालीन लुम्बिनी बैंक लि. (हाल: बैंक अफ काठमाण्डू लि.) तथा १७२ जना व्यक्तिगत लगानीकर्ताको बलियो साथ र सहयोगले यस 'आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.' स्थापनामा प्रेरणा प्रदान गरेको यस सभामा जानकारी गराउन चाहन्छु ।

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजतपत्र प्राप्त 'घ' वर्गको राष्ट्रियस्तरको 'थोक लघुकर्जा' प्रदायक वित्तीय संस्था हो । रूपन्देहीको बुटबलमा केन्द्रीय कार्यालय रहेको यस वित्तीय संस्थाले मिति २०६९ चैत १२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता र मिति २०७० भाद्र १० गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न अनुमति प्राप्त गरी मिति २०७० भाद्र २६ गतेदेखि आफ्नो कारोबारको शुभारम्भ गरेको हो । वित्तीय संस्था स्थापना र सञ्चालनको प्रारम्भिक अवस्थामा यसको अधिकृत पूँजी रु.२० करोड, जारी पूँजी रु.१० करोड र चुक्ता पूँजी रु.६ करोड रहेको थियो । वित्तीय संस्था सञ्चालनको छैटौं वर्षसम्म आइपुग्दा, अधिकृत पूँजी रु.१ अर्ब तथा जारी र चुक्ता पूँजी रु.६३ करोड ३५ लाख १२ हजार पुगेको छ भने प्रस्तावित ६ प्रतिशत बोनस शेयर पारित गरे पश्चात् वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.६७ करोड १५ लाख २२ हजार ७२० पुग्नेछ । उल्लिखित पृष्ठभूमिमा स्थापित वित्तीय संस्थाले ६ वर्षको समयावधि पूरा गरेको छ र प्रतिवेदन तयारीको अवधिसम्ममा जम्मा ३८ जिल्लाका २६५ साझेदार संस्थाहरू मार्फत करीब रु.६ अर्ब ५० करोड कर्जा प्रवाह गरिसकेको छ । वित्तीय संस्थाको हाल ३३ जिल्लाका १५२ साझेदार संस्थाहरूमा करीब रु.३ अर्ब १२ करोड विपन्न वर्ग कर्जा लगानीमा रहेको छ । वित्तीय संस्थाले आफ्ना लगानीकर्ताहरूलाई सञ्चालनको तेस्रो वर्षदेखि निरन्तर उचित प्रतिफल प्रदान गर्दै आइरहेको समेत म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

## १. समीक्षा अवधिको कारोबारको सिंहावलोकन :

२०७० भाद्र २६ गते आफ्नो कारोबार शुभारम्भ गरेको यो वित्तीय संस्था, सञ्चालनको छैटौं वर्षमा (२०७६ असार मसान्तसम्म) नेपालका सातै प्रदेशका तराई तथा पहाडमा अवस्थित ३३ जिल्लाका १५२ साझेदार संस्थाहरू मार्फत मुख्यतः ग्रामीण क्षेत्रका विपन्न तथा सीमान्तकृत समुदायमा लघुकर्जा करोबार गरी रहेको छ । विगत ६ वर्षको सेवा प्रवाहको अवस्थालाई संलग्न चार्टले थप स्पष्ट पारेको छ ।




विगत लामो समयदेखि बैंकिङ्ग क्षेत्रमा विद्यमान तरलता अभाव तथा बढ्दो ब्याजदरको समस्याले वित्तीय स्रोतमा संकुचन आउनुका साथै लागत समेत बढ्न गई व्यवसाय विस्तार गर्ने कार्य चुनौतीपूर्ण रह्यो । तरलताको अभाव तथा उच्च लागतका बीच, सीमित वित्तीय स्रोतको लागि चर्को प्रतिस्पर्धाको कारणले गर्दा बाह्य ऋणको ब्याजदर पनि विगतको तुलनामा उच्च हुन पुग्यो । यी यावत् कारणले गर्दा वित्तीय संस्थाको 'स्रोतको लागत' वर्षभरि नै दोहोरो अंकको रह्यो, जसले गर्दा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जाको ब्याजदर पनि समायोजन गर्नै पर्ने बाध्यता आयो । त्यस्तै, समीक्षा अवधिभरि एकातिर नयाँ-नयाँ लघुवित्त वित्तीय संस्थाहरू खुल्ने क्रम जारी रह्यो भने अर्कोतिर लघुवित्त वित्तीय संस्थाहरू पनि मर्जर/प्राप्तिमा जान पर्ने/नपर्ने नीतिगत अन्योलताले गर्दा लघुवित्त क्षेत्रको भावी दिशा के हुने भन्ने अनुमान गरी रणनीति बनाउनु अझ कठिन हुन गयो । वित्तीय स्रोतको अभाव तथा उच्च लागत जस्ता प्रतिकूलताका वाबजूद हाम्रो वित्तीय संस्थाले कुशलतापूर्वक आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरी लक्ष्य अनुसार नै कर्जा प्रवाह गर्न तथा स्वाभाविक र उचित मुनाफा आर्जन गर्न सफल भएको छ । वित्तीय संस्थाको विगतदेखि हालसम्म रहेको कर्जा लगानी, असुली तथा बाँकी कर्जाको अवस्था निम्न चार्टले समेत स्पष्ट गर्ने जानकारी सम्मानित सभामा गराउन चाहन्छु ।




वित्तीय संस्थाले विगतमा मुख्यत: ग्रामीण क्षेत्रमा अवस्थित र सीमान्तकृत समुदायको सहभागिता रहेको सहकारी संस्थाहरूलाई उच्च प्राथमिकताका साथ लगानी गर्दै आइरहेको छ । वित्तीय संस्थासँग कारोबार गर्ने साझेदार संस्थाहरूको व्यवस्थापकीय क्षमता विकास, कर्जा परिचालन पद्धति लगायतका विषयमा परामर्श तथा तालिमहरू सञ्चालन गर्दै आइरहेको छ । वित्तीय संस्थासँग कारोबार गरेका साझेदार संस्थाहरूको अनुगमनका क्रममा दिइने सल्लाह सुझावले समग्र व्यवस्थापकीय पक्षमा राम्रो सुधार आउँदा संस्थाको विश्वसनीयता बढ्न गएको छ । कारोबार विस्तार तथा कर्जा जोखिम कम गर्न वित्तीय संस्थाले गत आर्थिक वर्षदेखि लघुवित्त वित्तीय संस्थाहरूमा समेत आफ्नो लगानीलाई विविधीकरण गर्न थालेको छ । वित्तीय संस्थाले कर्जा प्रदान गर्ने तथा असुली गर्ने कार्य निरन्तर चलिरहने एक प्रक्रियाका रूपमा रहेकोले, सेवा पुगेको जिल्ला, साझेदार संस्था संख्या तथा कर्जा खाताको परिमाण परिवर्तन भइरहन्छ । तथापि वित्तीय संस्थासँग एकपटक सम्बन्ध स्थापित भएको साझेदार संस्थाले अधिकांशत: वित्तीय संस्थासँगको सहकार्यलाई निरन्तरता दिइरहेका छन् । वित्तीय संस्था स्थापनाको छोटो समयमै, २ साझेदार संस्थाहरूले १०औं कर्जा सुविधा तथा ३/३ साझेदार संस्थाले ९औं र ८औं कर्जा सुविधा उपभोग गरिरहेका छन् भने ७औं, ६टौं तथा ५औं कर्जा सुविधा उपभोग गर्ने साझेदार संस्थाको संख्या क्रमश ७, १० र १८ रहेबाट पनि वित्तीय संस्था र यसका साझेदार संस्थाहरूको दीर्घकालीन सम्बन्धलाई दर्शाउँछ । वित्तीय संस्थाको विगत तीन वर्षको क्षेत्रगत लगानी, पहुँच, ऋण सापटी, खर्च तथा नाफा/नोक्सानको तुलनात्मक अवस्था देहाय बमोजिम रहेको छ ।

| क्र.सं | शीर्षक | आ.व. २०७५/७६ | आ.व. २०७४/७५ | आ.व. २०७३/७४ |
|---|---|---|---|---|
| १ | सेवा पुगेका जिल्ला | ३३ | ३३ | २६ |
| २ | साझेदार संस्था संख्या | १५२ | १५५ | १५२ |
| ३ | ऋण खाता संख्या | २६८ | २५४ | २४७ |
| ४ | कुल कर्जा लगानी रु. | ५,५०६,८५४,८२० | ३,५५१,६५४,८१९६० | २,०९७,३५९,१९९ |
| ५ | कुल कर्जा असुली रु. | २,९६०,३६८,८०९ | २,०२६,९०४,५२७ | १,१९८,२०२,७०९ |
| ६ | लगानीमा बाँकी कर्जा रु. | २,५४६,४८६,०११ | १,५२४,७५०,२९३ | ८९९,१५६,४९० |
| ७ | बाह्य ऋण सापटी रु. | १,८०९,२४५,३४९ | १,१८९,६७८,४९३ | ७६९,८११,४६३ |
| ८ | कर्जा नोक्सानी व्यवस्था रु. | ३,०९,७१,१८१ | १५,४८१,६०८ | ९०,१५६,०६९ |
| ९ | कर्मचारी तथा प्रशासनिक खर्च रु. | २,६६,९७,१५४ | १९,०५८,६५० | १५,४८५,०८१ |
| १० | सञ्चालन मुनाफा रु. | १००,५१०,९८९ | ५८,८९३,९८४ | २६,८८९,५६० |
| ११ | खुद मुनाफा रु. | ६,३९,६१,२३८ | ३७,४७६,४३० | १७,१०१,४१२ |

## २. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :

समीक्षा अवधिमा अन्तर्राष्ट्रिय परिदृश्यमा मुख्यतः शक्ति राष्ट्रहरू बीचको 'व्यापार युद्ध' ले चर्चा पायो, जसले गर्दा विश्व व्यापार प्रभावित हुन गयो । यसका अलावा गत वर्ष भारतले लागू गरेको जीएसटी (वस्तु तथा सेवा कर) को समेत नेपाली अर्थतन्त्रमा प्रभाव परेको जानकारहरू बताउँछन् । यी यावत् अन्तर्राष्ट्रिय प्रतिकूलताका वाबजूद, गत वर्ष २५.८ प्रतिशत रहेको आयात र ११.४ प्रतिशत रहेको निर्यातको वृद्धिदर समीक्षा अवधिमा सकारात्मक परिवर्तन भएर आयातको वृद्धिदर १३.९ प्रतिशत र निर्यातको वृद्धिदर १९.४ प्रतिशत रहेको केन्द्रीय तथ्याङ्क विभागको अनुमान छ । विगतको तुलनामा आयातको वृद्धिदर घट्नुको प्रमुख कारकतत्वको रूपमा पेट्रोलियम पदार्थको मूल्यमा ७.३ प्रतिशतले कमी आउनुलाई मानिएको छ । त्यस्तै समीक्षा अवधिमा कुल पर्यटक आगमनमा २३.९ प्रतिशतले वृद्धि भएको छ भने, विप्रेषण आप्रवाह १६.५ प्रतिशतले वृद्धि भई रु.८७९ अर्ब २७ करोड पुगेको छ । गत वर्ष रु.२४७ अर्ब ५७ करोड रहेको चालु खाता घाटा समीक्षा अवधिमा बढेर रु.२६५ अर्ब ३७ करोड पुगेको छ भने, गत वर्ष रु.९६ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा रु.६७ अर्ब ४० करोडले घाटामा रहेको छ । त्यस्तै कुल विदेशी विनिमय सञ्चिति २०७५ असार मसान्तमा रु. १,१०२ अर्ब ५९ करोड रहेकोमा २०७६ असार मसान्तमा घटेर रु.१,०३८ अर्ब ९२ करोड हुन पुगेको तथ्याङ्कहरुले देखाउँछ ।

आर्थिक वर्ष २०७५/७६ मा कृषि क्षेत्रको वृद्धि ५.० प्रतिशत, उद्योग क्षेत्रको ८.२ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि ७.३ प्रतिशत रहेको तथा समग्र आर्थिक वृद्धि ७.१ प्रतिशत रहेको भए तापनि अन्य आर्थिक परिसूचकहरू खासै सन्तोषजनक रहेको देखिँदैन । समीक्षा अवधिमा मुद्रास्फीतिमा समेत सामान्य वृद्धि भएको छ, जस अनुसार गत वर्ष ४.२ प्रतिशत रहेको औसत उपभोक्ता मुद्रास्फीति बढेर ४.६ प्रतिशत पुगेको छ । त्यस्तै एकातिर गत वर्ष रु.१,०६६ अर्ब १८ करोड रहेको बैंकिङ्ग कारोबारमा आधारित सरकारको कुल खर्च समीक्षा अवधिमा रु.१,०६७ अर्ब ६७ करोड मात्र पुगेको छ भने, अर्कोतिर गत वर्ष रु.७२६ अर्ब ७२ करोड रहेको राजस्व परिचालन (प्रदेश तथा स्थानीय तहमा बाँडफाँड हुने रकम समेत) समीक्षा अवधिमा बढेर रु.८६५ अर्ब ५५ करोड पुगेको छ । यस वर्ष पनि विगतमा जस्तै सरकारले राजस्व मात्र उठाउने तर खर्च गर्न नसक्ने प्रवृत्ति दोहोरिएको छ । त्यस्तै वित्तीय क्षेत्रको कुरा गर्दा, गत वर्ष १९.२ प्रतिशतले बढेको बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप यस वर्ष १८ प्रतिशतले मात्र बढेको छ भने निक्षेपको संरचनामा पनि चल्ती र बचतको अंश घटेको तथा मुद्दती निक्षेपको अंश बढेको देखिन्छ । गत वर्ष २२.५ प्रतिशतले बढेको बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा समीक्षा अवधिमा १९.४ प्रतिशतले मात्र बढेको देखिन्छ । सरकारले बजेट समयमै खर्च गर्न नसकेकै कारण बजारमा तरलताको अभाव भएको र यसको परिणामस्वरुप निक्षेप संकलन तथा कर्जा प्रवाहको वृद्धिदर विगतमा भन्दा कम भएको देखिन्छ । वाणिज्य बैंकहरू बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर गत वर्षको २.९६ प्रतिशतको तुलनामा उच्चदरले वृद्धि भई २०७६ असारमा ४.५२ प्रतिशत कायम भएको छ तथापि गत वर्ष १०.४७ प्रतिशत रहेको वाणिज्य बैंकहरूको औसत आधार दर समीक्षा अवधिमा सामान्य घटेर ९.५७ कायम भएको छ । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर गत वर्षको ६.४९ प्रतिशतबाट सामान्य बढेर ६.६० प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.४७ प्रतिशतबाट सामान्य घटेर १२.१३ प्रतिशत कायम भएको छ ।

नेपाल राष्ट्र बैंकले वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरू गरे पश्चात् २०७६ असार मसान्तसम्म कुल १७१ वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका तथा १२८ वटा संस्थाहरूको इजाजत खारेज हुन गई कुल ४३ संस्था कायम भएका छन् । तथापि समीक्षा अवधिमा उल्लेख्य मात्रामा लघुवित्त वित्तीय संस्थाहरूले सञ्चालन इजाजतपत्र प्राप्त गरेकोले २०७५ असार मसान्तमा १५१ वटा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेकोमा २०७६ असार मसान्तमा १७१ पुगेको छ । जस अनुसार हाल २८ वाणिज्य बैंक, २९ विकास बैंक, २३ वित्त कम्पनी, ९० लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । त्यस्तै बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या २०७५ असार मसान्तमा ६ हजार ६५१ रहेकोमा समीक्षा अवधिमा उल्लेख्य रूपमा वृद्धि भई २०७६ असार मसान्तमा ८ हजार ६८६ पुगेको छ ।

उल्लिखित राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिमा मुलुकको समग्र वित्तीय क्षेत्र गत वर्षभरि अस्थिर रहन पुग्यो । नियामक निकायबाट समय समयमा आउने लघुवित्त क्षेत्र लक्षित अस्वाभाविक अभिव्यक्तिहरू, बैंक/वित्तीय क्षेत्रमा समय समयमा पैदा हुने तरलता संकट, उच्च ब्याजदर, सहकारी क्षेत्रमा प्रत्यक्ष असर पुग्ने गरी तोकिएको अधिकतम १६ प्रतिशत ब्याजदरको सीमा, पूँजी बजारमा आएको शिथिलता

लगायतका कारण वित्तीय बजार सहज र स्वाभाविक रहन सकेन । वाणिज्य बैंक तथा विकास बैंक र वित्त कम्पनीहरू उल्लेख्य रूपमा मर्जर/प्राप्तिमा गएका तर लघुवित्त वित्तीय संस्थाहरू भने मर्जरमा जाने र नयाँले इजाजतपत्र प्राप्त गर्ने क्रम चलिरहेकोले गत वर्ष वित्तीय स्रोत चुनौतीको रूपमा रह्यो भने आगामी दिनमा समेत वित्तीय स्रोतको लागि थप संघर्ष गर्नुपर्ने अवस्था सृजना हुनसक्ने देखिन्छ । प्रतिवेदन तयारीको समयसम्म वित्तीय संस्थाले विभिन्न चुनौती तथा असहजताहरूका बीच समेत उपयुक्त रणनीति बनाई आफ्नो कारोबारलाई सहजताका साथ अगाडि बढाउन सफल भएको छ ।

## ३. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :

वित्तीय संस्थाले लघुवित्त कारोबार गर्ने गैरसरकारी संस्थाहरू 'घ' वर्गका लघुवित्त वित्तीय संस्थामा रूपान्तरण भएकाले सहकारी संस्थाहरू तथा लघुवित्त वित्तीय संस्थाहरूलाई मात्र थोक लघुकर्जा प्रदान गर्ने गर्दछ । व्यवसाय विस्तारको लागि वित्तीय संस्थाले आगामी दिनमा पनि पुराना साझेदार संस्थाहरूलाई निरन्तरता दिनुका साथै नयाँ साझेदार संस्थाहरूको पहिचान गरी कार्यक्षेत्रका साथै कर्जा लगानी समेत विस्तार गर्ने नीति लिएको छ । वित्तीय संस्थाले आगामी वर्ष ३५ जिल्लामा अवस्थित १७० साझेदार संस्थामा ३३२ करोड रुपैयाँ कर्जा लगानी गर्ने लक्ष्य निर्धारण गरेको छ । वित्तीय संस्थाका लगानीकर्ताहरूलाई उचित प्रतिफलको सुनिश्चितता प्रदान गर्नको लागि वित्तीय संस्थाले व्यावसायिक योजना तथा दीर्घकालीन व्यावसायिक रणनीति बनाई लागू गरेको छ । वित्तीय सेवा उपलब्ध गराउने क्रममा चालु आर्थिक वर्षको लागि देहाय बमोजिमको लक्ष्य निर्धारण गरेको छ ।

| क्र.सं | शीर्षक | आ.व.२०७५/७६ को वास्तविक अवस्था | आ.व.२०७६/७७ को लक्ष्य | २०७६ असोज मसान्त सम्मको प्रगति |
|---|---|---|---|---|
| १ | सेवा पुगेको जिल्ला | ३३ | ३५ | ३३ |
| २ | साझेदार संस्था संख्या | १५२ | १७० | १६० |
| ३ | लगानीमा बाँकी कर्जा | २,५४६,४८६,०११ | ३,३१,९६,३०,१८५ | २,९९,७९,५२,५८८ |
| ४ | बाह्य ऋण सापटी | १,८०९,२४५,३४९ | २,४९,३९,५१,३५६ | २,५४,९०,००,१०९ |
| ५ | सञ्चालन मुनाफा | १००,५१०,९८९ | १६,२२,७३,७९६ | ३,६२,१८,२४७ |
| ६ | खुद मुनाफा | ६,३९,६१,२३८ | १०,३७,०६,०४८ | २२,८१७,४९६ |

वित्तीय संस्थाले लगानी गरेको कर्जाको गुणस्तर कायम राख्न र सेवालाई अझ प्रभावकारी तथा उपयोगी बनाउन विभिन्न कार्यहरू गर्ने योजना बनाएको छ । वित्तीय संस्थाले आफ्नो संस्थागत क्षमता विकासका लागि दक्ष जनशक्ति प्राप्त गर्ने, उपलब्ध जनशक्तिलाई तालिम, गोष्ठी लगायतका कार्यक्रमहरूबाट प्रभावकारिता बढाउने, उच्चतम प्रविधिको प्रयोगमा विशेष ध्यान पुऱ्याउने लगायतका कार्यहरू समेत गर्दै जानेछ । वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ तथा प्रभावकारी बनाउन साथै नियामक निकायहरूको निर्देशनको पालना गर्न समेत वित्तीय संस्थाले विभिन्न कार्यविधि तथा निर्देशिका बनाई लागू गर्ने, अद्यावधिक गर्ने कार्य समेत आगामी दिनमा गर्नेछ । वित्तीय संस्थाले आगामी दिनहरूमा समेत अन्य बैंकहरूसँगको सहकार्यमा आवश्यक वित्तीय स्रोतको व्यवस्था गर्ने, निरन्तर कर्जा लगानी वृद्धि गर्ने, कर्जाको सावाँ तथा व्याज नियमित रूपमा असुलउपर गरी कर्जाको गुणस्तर कायम राख्ने, कर्जाको निरीक्षण अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउने, कर्जा तथा कारोबारको विविध पक्षमा निहित जोखिमको उचित व्यवस्थापन गर्ने रणनीति लिनेछ ।

## ४. वित्तीय संस्थाको व्यावसायिक सम्बन्ध :

वित्तीय संस्थाले सबै साझेदार संस्था तथा सरोकारवालाहरूसँग पारस्परिक लाभमा आधारित सुमधुर व्यावसायिक सम्बन्ध स्थापित गरेको छ । वित्तीय संस्थालाई वित्तीय स्रोत उपलब्ध गराउने बैंक तथा कर्जा सुविधा उपभोग गर्ने साझेदार संस्थाहरूसँग पारस्परिक लाभ तथा व्यावसायिक निष्ठामा आधारित व्यावसायिक सम्बन्ध वित्तीय संस्थाको व्यावसायिक विकासको लागि सहयोगी हुनेछ भन्ने हाम्रो विश्वास रहेको छ । वित्तीय संस्थाका शेयरधनीहरूसँग औपचारिक/अनौपचारिक रूपमा सूचना, सुझाव तथा सरसल्लाहको माध्यमबाट सुमधुर सम्बन्ध कायम रहेको छ ।

## ५. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :

वित्तीय संस्थाको २०७५ साल पुस २९ गतेको पाँचौं साधारण सभाले संस्थापक शेयरधनी (समूह-क) को तर्फबाट प्रतिनिधित्व गर्ने चार जना सञ्चालकहरूको निर्वाचन गरेको थियो । जस अनुसार ग्रामीण स्वावलम्बन विकास केन्द्रको तर्फबाट श्री राजेन्द्रप्रसाद दाहाल, बैंक अफ काठमाण्डूको तर्फबाट चन्द्रराज शर्मा तथा व्यक्तिगत लगानीकर्ताका तर्फबाट श्री हरिप्रसाद भट्टराई पुनः निर्वाचित र व्यक्तिगत लगानीकर्ताकै तर्फबाट श्री विष्णुप्रसाद पौड्याल निर्वाचित हुनुभएको थियो । त्यस्तै २०७५ असोज २७ गतेको सञ्चालक समितिको ७४औं बैठकले डा. रमा बस्याललाई स्वतन्त्र सञ्चालकको रूपमा नियुक्त गरेको थियो ।

## ६. कारोबारलाई असर पार्ने मुख्य कुराहरू :

वित्तीय संस्थाको कारोबारलाई असर पार्न सक्ने मुख्य कुराहरू निम्न अनुसार रहेका छन् :

- मुलुकको सामाजिक तथा राजनीतिक क्षेत्रमा हुने परिवर्तन
- थोक/खुद्रा लघुवित्त क्षेत्रमा बढ्दो प्रतिस्पर्धा तथा कर्जाको दोहोरोपना
- अझै पनि उल्लेख्य मात्रामा लघुवित्त वित्तीय संस्थाहरू खुल्ने क्रम जारी रहेको
- लघुवित्त वित्तीय संस्थाहरू पनि मर्जर/प्राप्तिमा जानुपर्ने अवस्थाको सृजना
- वित्तीय क्षेत्रमा व्याप्त तरलता अभाव तथा ब्याजदरमा भइरहने उतारचढाव
- संघ, प्रदेश तथा स्थानीय निकायले सहकारी/लघुवित्तको क्षेत्रमा लिने नीति
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक तथा राजनीतिक अवस्था
- सरकार/नियामक निकायका निर्देशनहरू तथा नीतिमा हुनसक्ने परिवर्तन
- सरकार/नियामक निकायको नीतिगत अस्पष्टता, अस्थिरता तथा विरोधाभास/अन्योलता सृजना गर्ने अभिव्यक्तिहरू
- प्राकृतिक विपत्ति, दैवी प्रकोप तथा अन्य भैपरी आउने घटनाहरू

## ७. लेखा परीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :

आ.व. २०७५/७६ को लेखा परीक्षण प्रतिवेदनमा कुनै गम्भीर प्रकृतिको प्रतिकूल कैफियत उल्लेख भएको छैन तथा लेखा परीक्षकले वित्तीय संस्थाको कारोबार नियमसंगत र सन्तोषजनक रहेको प्रतिवेदन दिनुभएको छ । यसका अलावा प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन तथा आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियत/निर्देशनहरू उपर व्यवस्थापन तहको साथै लेखा परीक्षण समिति र सञ्चालक समितिमा छलफल गरी निर्देशनानुसार सुधार गरिँदै आइएको छ ।

## ८. लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम :

वित्तीय संस्थाको सञ्चालक समितिले आ.व. २०७५/७६ को नाफा तथा शेयर प्रिमियम कोषमा रहेको रकम समेतबाट हाल कायम चुक्ता पूँजी रु.६३ करोड, ३५ लाख, १२ हजारको १० प्रतिशतले हुन आउने रकम रु.६,३३,५१,२००/- (रुपैया छ करोड, तेत्तीस लाख, एकाउन्न हजार दुई सय मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनार्थ समेत) र चुक्ता पूँजी रु.६३ करोड ३५ लाख १२ हजारको ६ प्रतिशतले हुने रकम रु. ३,८०,१०,७२०/- (रुपैयाँ तीन करोड, असी लाख, दश हजार, सात सय बीस मात्र) बोनस शेयर वितरण गर्न सिफारिश गरेको छ ।

## ९. शेयर जफत भएको भए जफत भएको शेयर सङ्ख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :

यस वित्तीय संस्थाको हालसम्म कुनै शेयर जफत नभएको ।

## १०. विगत आर्थिक वर्षमा वित्तीय संस्था र यसको सहायक कम्पनीको कारोबार प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन :

यस वित्तीय संस्थाको कुनै पनि सहायक कम्पनी नभएको ।

## ११. यस वित्तीय संस्था तथा यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा वित्तीय संस्थाको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :

यस वित्तीय संस्थाको कुनै पनि सहायक कम्पनी नभएको ।

## १२. विगत आर्थिक वर्षमा वित्तीय संस्थाको आधारभूत शेयरधनीहरूले वित्तीय संस्थालाई उपलब्ध गराएको जानकारी :

यस्तो कुनै जानकारी वा सूचना प्राप्त नभएको ।

## १३. विगत आर्थिक वर्षमा वित्तीय संस्थाका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र वित्तीय संस्थाको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट वित्तीय संस्थाले प्राप्त गरे को जानकारी :

२०७६ असार मसान्तसम्म सञ्चालक तथा सञ्चालक मनोनयन गर्ने संस्था तथा मुख्य पदाधिकारीहरूले लिएको शेयरको स्वामित्व निम्न बमोजिम रहेको छ :

| क्र. सं. | सञ्चालकको नाम | पद/पदाधिकारी | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्रप्रसाद दाहाल | अध्यक्ष | – | संस्थापक समूह 'क' ग्रामीण स्वावलम्बन विकास केन्द्र प्रतिनिधि |
| २. | श्री चन्द्रराज शर्मा | सञ्चालक | – | संस्थापक समूह 'क' बैंक अफ काठमाण्डू लि. प्रतिनिधि |
| ३. | श्री विष्णुप्रसाद पौड्याल | सञ्चालक | १२,६७०.९० | संस्थापक समूह 'क' बाट निर्वाचित |
| ४. | श्री हरिप्रसाद भट्टराई | सञ्चालक | ३,१६७.७३ | संस्थापक समूह 'क' बाट निर्वाचित |
| ५. | श्री राजेन्द्र पन्त | सञ्चालक | ६३३.५५ | सर्वसाधारण समूह 'ख' बाट निर्वाचित |
| ६. | श्री अमर डंगोल महर्जन | सञ्चालक | ७६१.१३ | सर्वसाधारण समूह 'ख' बाट निर्वाचित |
| ७. | श्री दामोदर जोशी | प्र.का.अ. | १४,६७१.५४ | प्रमुख कार्यकारी अधिकृत |
| ८. | श्री डा. रमा बस्याल | स्वतन्त्र सञ्चालक | - | स्वतन्त्र सञ्चालक |
| ८. | ग्रामीण स्वावलम्बन विकास केन्द्र | सञ्चालक मनोनयन गर्ने संस्था | ७,६८,७८७.०३ | राजेन्द्रप्रसाद दाहाललाई मनोनीत गरेको |
| ९. | बैंक अफ काठमाण्डू लि. | सञ्चालक मनोनयन गर्ने संस्था | ७,६०,२१४.४० | चन्द्रराज शर्मालाई मनोनीत गरेको |

वित्तीय संस्थाबाट जारी गरिएको हकप्रद तथा बोनस शेयर ग्रहण गर्ने बाहेक संस्थाका कार्यकारी प्रमुख, सञ्चालक तथा पदाधिकारी वित्तीय संस्थाको शेयर कारोबारमा संलग्न नभएको ।

## १४. विगत आर्थिक वर्षमा वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :

सो सम्बन्धमा कुनै सम्झौता नभएको तथा त्यस्तो कुनै जानकारी वा सूचना वित्तीय संस्थालाई प्राप्त नभएको ।

## १५. वित्तीय संस्थाले आफ्नो शेयर आफैंले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयर को संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरीद गरेबापत बैंकले भुक्तानी गरेको रकम :

वित्तीय संस्थाले आफ्नो शेयर आफैंले खरीद गरेको छैन ।

## १६. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :

सक्षम तथा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली नै संस्थागत सुशासनको आधारशिला भएको तथ्यलाई वित्तीय संस्थाले आत्मसात् गर्दै त्यसको पर्याप्त व्यवस्थाहरू गरेको छ । जस अनुसार वित्तीय संस्थामा जोखिम व्यवस्थापन समिति, लेखा परीक्षण समिति, आर्थिक निर्देशन समिति, खरीद समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायतका सञ्चालक तथा व्यवस्थापन स्तरीय समितिहरू रहेका छन् । सबै समिति/उपसमितिहरूको काम, कर्तव्य र अधिकार स्पष्टसँग परिभाषित गरी लागू गरिएकोले आन्तरिक नियन्त्रण प्रणाली सक्षम तथा प्रभावकारी रहेको छ । त्यस्तै आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउनका लागि, आन्तरिक लेखा परीक्षण कार्य समेत स्वतन्त्र चार्टर्ड एकाउन्टेन्ट संस्थाद्वारा गर्ने व्यवस्था गरिएको छ । यसका अतिरिक्त संस्थाको कारोबारलाई सुव्यवस्थित तवरले सञ्चालन गर्नका लागि सञ्चालक समितिले सम्बन्धित विषयहरूमा आन्तरिक नीति, निर्देशिका तथा विनियमावली बनाई लागू गर्नुका साथै तहगत अख्तियारी समेत निर्धारण गरिएको छ । त्रैमासिक रूपमा आन्तरिक लेखा परीक्षण गरी सो प्रतिवेदनलाई लेखा परीक्षण समितिमा छलफल गराई प्राप्त राय तथा सुझावलाई सञ्चालक समितिको बैठकमा प्रस्तुत गरी निर्णय गरिने भएकोले यस संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सबल रहेको छ ।

## १७. विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :

आर्थिक वर्ष २०७५/७६ मा कुल कर्मचारी खर्च रु.१,०४,२८,९९१/- र अन्य सञ्चालन खर्च रु.१,६२,६८,१६३/- गरी जम्मा व्यवस्थापन खर्च रु. २,६६,९७,१५४/- भएको छ ।

## १८. लेखा परीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :

यस वित्तीय संस्थाको लेखा परीक्षण समितिमा गैर कार्यकारी सञ्चालक श्री चन्द्रराज शर्मा (संयोजक), सञ्चालक श्री अमर डंगोल महर्जन (सदस्य) तथा कर्मचारी मिलन अधिकारी (सदस्य सचिव) रहेका छन् । लेखा परीक्षण समितिले वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणाली, ऐन, नियम तथा निर्णयहरू कार्यान्वयनको अवस्था आदिको समीक्षा गरी आवश्यक सुझाव दिने गर्दछ । त्यस्तै, लेखा परीक्षकको नियुक्तिको सिफारिश गर्ने, आन्तरिक लेखा परीक्षण प्रतिवेदन तथा प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी कैफियत सुधार गर्न व्यवस्थापन र सञ्चालक समितिलाई निर्देशन र सुझाव दिने गरेको छ । लेखा परीक्षण समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूलाई मात्र प्रति बैठक रु.३,५००/- बैठक भत्ता प्रदान गर्ने गरिएको छ । यस आ.व. मा लेखा परीक्षण समितिको बैठक भत्ता बापत जम्मा रु.३५,०००/- प्रदान गरिएको छ ।

## १९. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, वित्तीय संस्थाका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले वित्तीय संस्थालाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत दामोदर जोशीलाई सञ्चालक समितिको निर्णयानुसार प्रदान गरिएको 'कर्मचारी सहुलियत कर्जा' को रकम मध्ये २०७६ असार मसान्तमा बुझाउन बाँकी रकम रु. ६,६९,७७२/६४ मात्र रहेको छ ।

## २०. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरीएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :

- समितिको बैठकमा सहभागी भए बापत प्रति बैठक अध्यक्षलाई रु.४,०००/- तथा अन्य सदस्यलाई रु.३,५००/- का दरले बैठक भत्ता उपलब्ध गराउने गरिएको छ । आर्थिक वर्ष २०७५/७६ मा बैठक भत्ता बापत जम्मा रु. ३,३८,०००/- र पत्रपत्रिका तथा सञ्चार सुविधा वापत जम्मा रु. १,२१,५००/- भुक्तानी गरिएको छ ।

- आ.व. २०७५/७६ मा प्रमुख कार्यकारी अधिकृतलाई पारिश्रमिक, भत्ता, कर्मचारी बोनस तथा अन्य सुविधा बापत जम्मा रु.३३,७७,७५१/०९ भुक्तानी गरिएको छ।
- आ.व. २०७५/७६ मा प्रबन्धक स्तरका कर्मचारीहरूलाई पारिश्रमिक, भत्ता, बोनस तथा अन्य सुविधाहरू बापत जम्मा रु.४३,६६,७८६/२२ भुक्तानी गरिएको छ।

## २१. शेयरधनीहरूले बुभिलिन बाँकी रहेको लाभांशको रकम :

शेयरधनीहरूले बुझिलिन बाँकी लाभांशको रकम नरहेको।

## २२. कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम सम्पत्ति खरीद वा बिक्री गरेको कुराको विवरण :

कम्पनी ऐन, २०६३ को दफा १४१ आकर्षित हुने गरी कुनै सम्पत्ति खरीद वा बिक्री नभएको।

## २३. कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :

कम्पनी ऐन, २०६३ को दफा १७५ आकर्षित हुने गरी सम्बद्ध कम्पनीबीच कुनै कारोबार नभएको।

## २४. कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा :

कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम यस प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुराहरू निम्न अनुसार रहेका छन्।

### १. सञ्चालक समिति बाहेक अन्य समिति/उपसमितिका कार्यहरू :

**क) लेखा परीक्षण समिति :** लेखा परीक्षण समितिले मुख्यतः प्रचलित ऐन नियम तथा नियामक निकायका निर्देशन लगायत वित्तीय संस्थाका आन्तरिक नीति नियमहरूको पालनाको अवस्था, आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियामक निकायले दिएका सुझाव/निर्देशनहरूको पालनाको अवस्था तथा वित्तीय संस्थाको समग्र कारोबारको अध्ययन गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिनुका साथै सञ्चालक समितिलाई समेत सो सम्बन्धमा आवश्यक सल्लाह/सुझाव दिने कार्य गर्दछ। यसका अलावा लेखा परीक्षण समितिले वित्तीय संस्थाको लेखा परीक्षण गर्नको लागि योग्य लेखा परीक्षक नियुक्तिको लागि सिफारिश पनि गर्दछ। वित्तीय संस्थाको लेखा परीक्षण समितिको बैठक सामान्यतया ३/३ महीनाको अन्तरालमा वा आन्तरिक तथा बाह्य लेखा परीक्षण सम्पन्न भए पश्चात् बस्ने गर्दछ। सोही अनुसार आ.व. २०७५/७६ मा लेखा परीक्षण समितिको बैठक जम्मा पाँच पटक बसी आफ्नो काम कारबाही प्रभावकारी ढंगले सम्पन्न गरेको छ। लेखा परीक्षण समितिले व्यवस्थापनलाई दिएको निर्देशनहरूको पूर्ण पालना हुनुका साथै सञ्चालक समितिले समेत लेखा परीक्षण समितिले दिएको सल्लाह/सुझावहरूको प्रभावकारी ढंगले कार्यान्वयन गर्दै आइरहेको छ।

**ख) जोखिम व्यवस्थापन समिति :** जोखिम व्यवस्थापन समितिले वित्तीय संस्थाको समग्र कारोबारमा निहित जोखिमहरूको मूल्याङ्कन गरी उक्त जोखिमहरू न्यूनीकरण गर्नको लागि वित्तीय संस्थाले अवलम्बन गरेका उपायहरूको समीक्षा गर्ने र सो सम्बन्धमा व्यवस्थापनलाई आवश्यक निर्देशन दिनुका साथै सञ्चालक समितिलाई समेत सो सम्बन्धमा आवश्यक सल्लाह/सुझाव दिने कार्य गर्दछ। वित्तीय संस्थाको जोखिम व्यवस्थापन समितिको बैठक सामान्यतया ३/३ महीनाको अन्तरालमा वा आवश्यकता अनुसार बस्ने गर्दछ। सोही अनुसार आ.व. २०७५/७६ मा जोखिम व्यवस्थापन समितिको बैठक जम्मा चार पटक बसी आफ्नो कामकारबाही प्रभावकारी ढंगले सम्पन्न गरेको छ। जोखिम व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूलाई मात्र प्रति बैठक रु.३,५००/- बैठक भत्ता बापत प्रदान गर्ने गरिएको छ। यस आ.व. मा जोखिम व्यवस्थापन समितिको बैठक भत्ता बापत जम्मा रु.२८,०००/- भुक्तानी गरिएको छ। जोखिम व्यवस्थापन समितिले व्यवस्थापनलाई दिएको निर्देशनहरूको पूर्ण पालना हुनुका साथै सञ्चालक समितिले समेत जोखिम व्यवस्थापन समितिले दिएको सल्लाह/सुझावहरूको प्रभावकारी ढंगले कार्यान्वयन गर्दै आइरहेको छ।

**ग) कर्मचारी सेवा-सुविधा समिति :** कर्मचारी सेवा-सुविधा समितिले मुख्यतया वित्तीय संस्थाको कर्मचारी/जनशक्ति संरचना, पारिश्रमिक तथा सेवा-सुविधाको अवस्था, कर्मचारीहरूले सम्पादन गर्नुपर्ने कार्य तथा लक्ष्य प्रगतिका सूचकहरू तथा श्रम सम्बन्धको अध्ययन गरी सञ्चालक समितिलाई आवश्यक सल्लाह/सुझावहरू दिने गर्दछ। कर्मचारी सेवा-सुविधा समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूलाई मात्र

प्रति बैठक रु.३,५००/- बैठक भत्ता उपलब्ध गराउने गरिएको छ। यस आ.व. मा कर्मचारी सेवा-सुविधा समितिको बैठक भत्ता बापत जम्मा रु.१४,०००/- प्रदान गरिएको छ। यस समितिले व्यवस्थापनलाई दिएको निर्देशनहरूको पूर्ण पालना हुनुका साथै सञ्चालक समितिले समेत सल्लाह/सुझावहरूको प्रभावकारी ढंगले कार्यान्वयन गर्दै आइरहेको छ।

**घ) सम्पत्ति शुद्धीकरण अनुगमन समिति :** सम्पत्ति शुद्धीकरण अनुगमन समितिले मुख्यतया वित्तीय संस्था मार्फत सम्पत्ति शुद्धीकरण गर्न गराउन नदिनको लागि आवश्यक उपायहरू पहिचान गरी लागू गर्नको लागि सञ्चालक समितिलाई सिफारिश गर्ने कार्य गर्दछ। यस आ.व. मा सम्पत्ति शुद्धीकरण अनुगमन समितिको दुई वटा बैठकहरू बसी वित्तीय संस्था मार्फत सम्पत्ति शुद्धीकरण भए/नभएको सम्बन्धमा अनुगमन गरी, सोको रोकथामको लागि आवश्यक कार्यविधि समेत बनाई लागू गरेको छ। यस समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरूलाई मात्र प्रति बैठक रु.३,५००/- बैठक भत्ता बापत उपलब्ध गराउने गरिएको छ। यस आ.व. मा सम्पत्ति शुद्धीकरण अनुगमन समितिको बैठक भत्ता बापत जम्मा रु.७,०००/- प्रदान गरिएको छ। यस समितिले व्यवस्थापनलाई दिएको निर्देशनहरूको पूर्ण पालना हुनुका साथै सञ्चालक समितिले समेत सल्लाह/सुझावहरूको प्रभावकारी ढंगले कार्यान्वयन गर्दै आइरहेको छ।

## २) आचरण पालना सम्बन्धमा :

वित्तीय संस्थाका सञ्चालकहरूले, नेपाल राष्ट्र बैंकले 'घ' वर्गका वित्तीय संस्थाहरूलाई जारी गरेको एकीकृत निर्देशिकामा तोकिएका आचरणहरूको पूर्ण रूपमा पालना गर्दै आइरहेको तथा आगामी दिनमा पनि उक्त आचरणहरू पालना गर्ने जानकारी गराइन्छ।

## ३) कम्पनी ऐन तथा निर्देशिकाको पालना सम्बन्धमा :

वित्तीय संस्थाले प्रचलित कम्पनी ऐन तथा निर्देशिकाको पूर्ण रूपमा पालना गर्दै आइरहेको तथा उक्त ऐन/निर्देशिकाको बर्खिलाप हुने गरी कुनै काम कारबाही नगरेको जानकारी गराइन्छ। त्यस्तै, कुनै सञ्चालक वा पदाधिकारीको नजिकको नातेदार (दाजुभाइ, पतिपत्नी वा छोराछोरी) कम्पनी रजिष्ट्रार, धितोपत्र बोर्ड वा नियमनकारी निकायमा अधिकृत वा सोभन्दा माथिल्लो तहमा कार्यरत रहेको जानकारीमा आएको छैन।

## ४) अपलेखन गरिएका कर्जाहरूको विवरण :

वित्तीय संस्थाले हालसम्म कुनै पनि कर्जा अपलेखन गरेको छैन।

## ५) संस्थागत सामाजिक उत्तरदायित्व कोष :

नियामक निकायको निर्देशन अनुसार वित्तीय संस्थाले आफ्नो खुद नाफाको कम्तीमा १ प्रतिशतले हुने रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा छुट्याई, उक्त रकम सामाजिक कार्यको लागि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व कोषमा आ.व. २०७५/७६ सम्ममा जम्मा रु. ५,४५,७७८/- रहेकोमा, उक्त कोषबाट बुटवलस्थित मानव सेवा आश्रमलाई शौचालय निर्माण बापत रु.१ लाख ५० हजार, वित्तीय संस्थाको साझेदार संस्था श्री गोदावरी महिला बचत तथा ऋण सहकारी संस्थाकी शेयर सदस्य सैनामैना-२, रूपन्देही निवासी शारीरिक रूपले अशक्त (फरक तरिकाले सक्षम) महिला व्यवसायी श्री मैया लम्साललाई व्यवसाय विस्तारको लागि रु.१० हजार र वित्तीय संस्थाको साझेदार संस्था श्री विश्वकर्मा बाबा कृषि तथा पशुपालन सहकारी संस्थाकी शेयर सदस्य श्री रत्ना विश्वकर्माका छोरा श्री ललितबहादुर वि.क.लाई जेहेन्दार छात्रवृत्ति बापत एकमुष्ट रु.१० हजार गरी जम्मा रु.१ लाख ७० हजार संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरिएको छ। त्यस्तै यस आ.व.को नाफाबाट उक्त कोषमा रु.६,३९,६१३/- थप भएको छ। वित्तीय संस्थाले आगामी दिनमा पनि उक्त कोषको परिचालन गर्दा समुचित र समानुपातिक प्रतिनिधित्व हुने गरी आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्दै जानेछ।

## ६) ग्राहक संरक्षण कोष :

नियामक निकायको निर्देशन अनुसार वित्तीय संस्थाले आफ्नो खुद नाफाको १ प्रतिशतले हुने रकम तथा २० प्रतिशत भन्दा बढी लाभांश प्रस्ताव गरेमा, २० प्रतिशत भन्दा माथिको प्रस्तावित लाभांशको २५ प्रतिशत रकम समेत गरी ग्राहक संरक्षण कोषमा जम्मा गर्नुपर्ने तथा उक्त रकम ऋणीहरू (साझेदार संस्थाहरूको) सामूहिक हित तथा क्षमता विकासको लागि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। वित्तीय संस्थाको ग्राहक संरक्षण कोषमा आ.व. २०७५/७६ सम्ममा जम्मा रु.१०,२४,४१२/८० रहेकोमा, वित्तीय संस्थाले समीक्षा अवधिमा

जम्मा रु.७,६४,३५९/- खर्च गरेको छ । उक्त रकम खर्च गरी वित्तीय संस्थाले सिन्धुली, सर्लाही, रौतहट, महोत्तरी र धनुषा जिल्लाका २४ साझेदार संस्थाहरूका ३०६ जना, कैलाली र कञ्चनपुर जिल्लाका १६ साझेदार संस्थाहरूका २६८ जना, वित्तीय संस्थाका साझेदार संस्थाहरू २१ वटा लघुवित्त वित्तीय संस्थाहरू तथा रूपन्देही, नवलपरासी र सल्यान जिल्लाका लघुकर्जाको कारोबार गर्ने ८ सहकारी संस्थाहरू समेत गरी जम्मा २९ संस्थाका २९ जना, बाँके र बर्दिया जिल्लाका २५ साझेदार संस्थाका १३२ जना समेत गरी जम्मा ९४ साझेदार संस्थाका कुल ७३५ जना सदस्य/पदाधिकारी र कर्मचारीहरूलाई वित्तीय साक्षरता तथा संस्थागत क्षमता अभिवृद्धिका विविध विषयहरूमा तालिम प्रदान गरेको छ । वित्तीय संस्थाको ग्राहक संरक्षण कोषमा यस वर्ष रु.६,३९,६१२/२० थप भएको छ । त्यस्तै वित्तीय संस्थाले आगामी दिनमा पनि ग्राहक संरक्षण कोष कार्यविधि अनुसार तोकिए बमोजिम प्रभावकारी, समुचित र समानुपातिक प्रतिनिधित्व हुने गरी कोषको उपयोग गर्दै जानेछ ।

### ७) कर्मचारी दक्षता अभिवृद्धि :

नियामक निकायको निर्देशन अनुसार वित्तीय संस्थाले प्रत्येक वर्ष आफ्नो कुल कर्मचारी खर्चको कम्तीमा ३ प्रतिशत रकम कर्मचारीहरूको दक्षता अभिवृद्धि/तालिम तथा वृत्ति-विकासमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस आ.व.मा विभिन्न तालिम प्रदायक संस्थाले प्रदान गरेका ११ वटा तालिममा १० जना कर्मचारीहरूलाई सहभागी गराइएको छ । कर्मचारीहरूको दक्षता अभिवृद्धि/तालिम तथा वृत्ति-विकासमा वित्तीय संस्थाले जम्मा रु.३,१४,१७६/३७ खर्च गरेको छ । त्यस्तै आगामी दिनमा पनि वित्तीय संस्थाले कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्नको लागि आवश्यक तालिमहरूको व्यवस्था गर्दै जानेछ ।

### २५. अन्य आवश्यक कुराहरू :

वित्तीय संस्थाले लगानीकर्ता तथा सबै सरोकारवालाहरूको समग्र हितलाई ध्यानमा राख्दै थोक लघुवित्तको क्षेत्रमा एक सक्षम संस्था बन्ने लक्ष्यसहित, नियामक निकायको निर्देशन तथा प्रचलित नियम/कानूनको अधीनमा रही आफ्नो काम कारबाही सम्पन्न गर्दै आइरहेको छ । वित्तीय संस्थाले आफ्ना शेयरधनीहरूसँगको सम्बन्धलाई उच्च प्राथमिकता प्रदान गर्दै आइरहेको छ । औपचारिक/अनौपचारिक रूपमा शेयरधनीहरूबाट प्राप्त सुझावहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिँदै आएको छ । विगत वर्षमा शेयरधनी महानुभावहरूबाट आएका सुझावहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको जानकारी गराउन चाहन्छु ।

- शेयरधनी महानुभावहरुले वित्तीय संस्थाको उच्च मुनाफा सहितको दीर्घकालीन योजनाको आवश्यकता औंल्याउनु भएकोमा सो बमोजिम दिगो मुनाफाको लक्ष्य सहितको पांच बर्षीय व्यावसायिक योजना तयार गरि कार्यान्वयन गरिएको छ ।
- वार्षिक प्रतिवेदनमा शुद्धतामा ध्यान पुऱ्याउने र अझ विस्तृत बनाउन उपयुक्त हुने सुझाव आएकोमा सो बमोजिम परिष्कृत गरिएको छ ।
- वित्तीय संस्थाले घर, जग्गा जस्ता स्थिर सम्पत्ति प्राप्त गर्नुपर्ने विषयमा समितिमा छलफल हुने गरेको र वित्तीय बजारको अवस्थालाई विश्लेषण गरि समितिले उपयुक्त निर्णय लिने छ ।
- शेयरधनीलाई हकप्रद शेयर वितरण गर्दा उचित तवरले सुसूचित गर्नुपर्न विषयमा आगामी दिनमा हकप्रद जारी गर्दा आवश्यक ध्यान पुऱ्याईने छ ।
- पूँजी वृद्धि हुँदै गर्दा उचित प्रतिफल सुनिश्चित गर्नुपर्ने विषयमा वित्तीय संस्था सजग रहेको छ ।

अन्त्यमा, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियामक निकायहरू, वित्तीय संस्थालाई वित्तीय स्रोत उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, वित्तीय संस्थाका साझेदार संस्थाहरू, लेखा परीक्षक लगायत अन्य सबै सरोकारवालाहरूप्रति उहाँहरूको रचनात्मक तथा सकारात्मक योगदानको लागि हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यस्तै, वित्तीय संस्थाको दीर्घकालीन हित र प्रगतिको लागि निरन्तर लागि पर्ने शेयरधनी महानुभावहरू, समिति/उपसमितिका पदाधिकारीहरू, वित्तीय संस्थाको व्यवस्थापन लगायतका कर्मचारीहरूको अथक् परिश्रम तथा अमूल्य सल्लाह सुझावको लागि मेरो व्यक्तिगत तथा सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै भविष्यमा समेत सकारात्मक सहयोगको अपेक्षा गर्दछु । धन्यवाद ।

**सञ्चालक समितिको तर्फबाट**
**राजेन्द्रप्रसाद दाहाल**
**अध्यक्ष**
**१३ मंसिर २०७६**

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम २ सँग सम्बन्धित (अनुसूची-१५) वार्षिक विवरणमा प्रमुख कार्यकारी अधिकृतको उद्घोष र संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को दफा २० को उपदफा ४ बमोजिमको प्रमाणित सारांश विवरण :

### १. सञ्चालक समितिको प्रतिवेदन

यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

### २. लेखा परीक्षकको प्रतिवेदन

यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

### ३. लेखा परीक्षण भएको वित्तीय विवरण

यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

### ४. कानूनी कारबाही सम्बन्धी विवरण

(क) यस अवधिमा वित्तीय संस्थाले कसै विरुद्ध वा कसैले वित्तीय संस्थाको विरुद्ध कुनै कानूनी कारबाही नगरेको ।

(ख) यस अवधिमा वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए/गरेको जानकारीमा नआएको ।

(ग) वित्तीय संस्थाको कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा नआएको ।

### ५. वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :** धितोपत्र बजारको नियमानुसार संगठित संस्थाको शेयर मूल्य खुला बजारले निर्धारण गर्ने गर्दछ । पूँजी बजारमा लगानीकर्ताहरूको सहभागिता उत्साहजनक रहेको र वित्तीय संस्थाको शेयरको माग उच्च रहेको देखिएकोले शेयर बजारमा सकारात्मक प्रभाव पर्ने आशा गरिन्छ ।

**(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन**

| विवरण | २०७५ असोज मसान्त | २०७५ पुस मसान्त | २०७५ चैत मसान्त | २०७६ असार मसान्त |
|---|---|---|---|---|
| अधिकतम मूल्य | ५५४/- | ४६०/- | ४०८/- | ४४५/- |
| न्यूनतम मूल्य | ४२२/- | ३७९/- | ३५८/- | ३३१/- |
| अन्तिम मूल्य | ४४३/- | ३९४/- | ३६१/- | ३४३/- |
| कुल कारोबार शेयर कित्ता | ७२,३५९ | ८२,२८३ | ७०,१५१ | १,२४,९९४ |
| कारोबार संख्या | १,४८६ | १,६१४ | १,३३७ | १,९४३ |
| कारोबार दिन | ६२ | ५६ | ६० | ६३ |

### ६. समस्या तथा चुनौती र रणनीति

**(क) समस्या :** सीमित वित्तीय स्रोतमा कडा प्रतिस्पर्धा, बाह्य कर्जाको ब्याजदरमा हुने उतारचढाव, साझेदार संस्थाहरूको भौगोलिक अवस्थिति, सदस्यहरूमा रहेको वित्तीय साक्षरताको कमी, लघुवित्तको क्षेत्रमा देखिएको दोहोरो कर्जाको समस्या तथा राज्यले गर्ने नीतिगत परिवर्तनहरू ।

**(ख) चुनौती :** सघन व्यावसायिक प्रतिस्पर्धा, यातायात तथा सञ्चार पूर्वाधारको कमी, वित्तीय तथा सहकारिताको क्षेत्रमा हुने नीतिगत परिवर्तन, सहकारी ऐनले पारेको प्रभाव, आर्थिक तथा राजनीतिक परिवर्तन आदि ।

